नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था

# Gurkhas Finance Ltd.
# गोर्खाज फाइनान्स लि.

Your Financial Friend

## वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/११/१०)**

यस संस्थाको मिति २०८०/११/०२ गते बुधबार बसेको संचालक समितिको ४८१ औं बैठकको निर्णय अनुसार कम्पनीको अठ्ठाइसौँ र उनान्तीसौं वार्षिक साधारणसभा देहायको मिति, समय र स्थानमा निम्न लिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध छ।

### सभा हुने मिति, समय र स्थान :

मिति : २०८० साल चैत्र महिना ०२ गते शुक्रबार (तदनुसार १५ मार्च, २०२४ )
समय : दिउसो १:०० बजे।
स्थान : अनुपम फुडल्याण्ड एण्ड बैंकेट, बत्तीसपुतलि, काठमाण्डौ।

### छलफलका विषयहरुः

**क) सामान्य प्रस्ताव**

१) आ.व. २०७८/७९ र २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त र २०८० आषाढ मसान्तको वासलात तथा २०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्त र २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने।

३) आ.व. २०८०/८१ को लेखापरिक्षणको लागि लेखापरिक्षण समिति तथा संचालक समितिको सिफारिस बमोजिम लेखापरिक्षक नियुक्ती गर्ने र नीजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक श्री एन.वि.एस.एम एण्ड चाटर्ड एकाउन्टेन्टस, नक्साल, काठमाण्डौ पुनः नियुक्तीको लागि योग्य रहेको।)

**ख) विशेष प्रस्ताव**

१) संस्थाको प्रबन्धपत्रको दफा ४(थ) र दफा ५(घ) संशोधन गर्ने।

२) संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर,थपघट गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

**ग) विविध।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### साधारणसभा सम्बन्धी सामान्य जानकारी

१ संस्थाको अठ्ठाइसौं र उनान्तीसौं वार्षिक साधारण सभा प्रयोजनको लागि यस वित्तीय संस्थाको शेयर नामसारी तथा दाखिला खारेज मिति २०८०/११ /१८ गते देखि २०८०/१२ /०२ सम्म बन्द रहनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा २०८०/११ /१७ गतेसम्म कारोबार भई सात कार्य दिन भित्र यस संस्थाको शेयर रजिष्ट्रार श्री एनआईएमवि एस क्यापिटल लिमीटेड, लाजिम्पाट, काठमाण्डौमा नामसारीको लागि प्राप्त लिखतका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ।

२ साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले सभा कक्ष भित्र प्रवेश गर्नका लागि प्रवेश पत्र, हितग्राही खाता खोलेको (DMAT) विवरण, शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई आउनुहुन अनुरोध छ।

३. शेयरधनी महानुभावहरूले सभा भवन प्रवेश गर्नु पूर्व उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका साधारणसभा हुने दिन दिनको १२:३० बजे देखि खुल्ला गरिनेछ।

४. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको शेयर रजिष्ट्रार श्री एनआईएमवि एस क्यापिटल लिमीटेड, लाजिम्पाटमा दर्ता गराइसक्नुपर्नेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ।

५. साधारणसभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछि सम्बन्धित शेयरधनी आफै साधारणसभामा उपस्थित हुन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा साधारणसभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगाडि नै सो को सुचना संस्थाको शेयर रजिष्ट्रार श्री एनआईएमवि एस क्यापिटल लिमीटेड, लाजिम्पाटमा पठाउनु हुन अनुरोध छ। यस्तो जानकारी प्राप्त भएमा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

६. कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सि) मुकरर गरेकोमा कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधि (प्रोक्सि) लाई मान्यता दिइनेछ।

७. नाबालक वा विक्षिप्त शेयरधनीको हकमा संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारणसभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सि) नियुक्ति गर्न सक्नेछ।

८. संयुक्त रुपमा साधारण शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनीहरुको दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन सक्नेछ।

९. कुनै शेयरधनीहरूलाई कम्पनीको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो बेहोरा लिखित रूपमा सभा शुरू हुनुभन्दा कम्तीमा सात दिनअघि कम्पनीको कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं। तर यसलाई छलफल र पारित प्रस्तावको रूपमा पेश गरिने छैन।

१०. अन्य थप जानकारीको लागि यस संस्थाको वेवसाइट www.gurkhasfinance.com.np, संस्थाको प्रधान कार्यालय डिल्लीबजार, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री एनआईएमवि एस क्यापिटल लि, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राख्नुहुन अनुरोध छ।

## गोर्खाज फाईनान्स लिमिटेड

**(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)**
चारखालरोड, डिल्लीबजार, काठमाडौं, फोनः ४५३७४०१, फ्याक्सः ४०११५२५
ईमेलः gurkhasfinance@mail.com.np, वेबसाइटः www.gurkhasfinance.com.np